ठूला घरे बा र परिवर्तनको घन्टी कथा (२)

✍ सत्येन्द्रलाल कर्ण
lalsatyendra1959@gmail.com

सिटी डेन्टल

आधुनिक प्रविधिबाट सञ्चालित यहाँ नयाँ प्रविधिबाट दाँत लगाउनुको साथै मुख तथा दाँतसम्बन्धी सम्पूर्ण उपचार गरिन्छ ।

यसको शाखा मधुमल्लामा पनि खुलेको छ ।

दमक-६, झापा
फाल्गुनन्द चौक
फोन: ०२३-५७५४०९

जि.प्र.का.झापा द.नं.६९। ०५७।०५८ सत्यता, स्वतन्त्रता र निष्पक्षता हाम्रो प्रतिबद्धता राष्ट्रिय दैनिक

पूर्वसन्देश

PURBA SANDESH NATIONAL DAILY

purbasandesh.com

❑ वर्ष-२१ ❑ अंक - २६९ ❑ २०८३ कात्तिक १० गते मंगलबार ❑ Tuesday, 27 Oct. 2026 ❑ मूल्य ७ /-

दसैंमा कोशीका सडकमा २२ ले गुमाए ज्यान

✍ पूर्वसन्देश समाचार

दमक/ दशै अवधिमा कोशी प्रदेशका विभिन्न सडक दुर्घटनामा परेर २२ जनाको ज्यान गएको छ । घटस्थापनादेखि कोजाग्रत पूर्णिमासम्म प्रदेशका १४ जिल्लामा ४१३ वटा सवारी दुर्घटना हुँदा ७४६ जना घाइते भएका छन् ।

नेपाल प्रहरी राजमार्ग सुरक्षा तथा ट्राफिक व्यवस्थापन कार्यालय इटहरीका अनुसार दुर्घटनामा १७ पुरुष र पाँच महिलाको मृत्यु भएको हो । मृतकमध्ये एक जना सवारी चालक र दुई जना बालिका छन् । दुर्घटनामा घाइते भएकामध्ये ३६ जनाको अवस्था गम्भीर छ । उनीहरूमा ३१ पुरूष र पाँच महिला छन् । बाँकी ७१० जना सामान्य घाइते भएका छन् । घाइते हुनेमा ७१ जना सवारी चालकसमेत छन् । चालक सबैको अवस्था सामान्य रहेको प्रहरीले जनाएको छ । दुर्घटनामा तीनवटा चौपायासमेत मरेका छन् ।

कार्यालयका निमित्त प्रमुख एवं प्रहरी निरीक्षक विकाश थपलियाका अनुसार दसैं अवधिमा दुर्घटनाको संख्या मोरङमा सबैभन्दा बढी छ भने मानवीय क्षति सुनसरीमा धेरै भएको छ । मोरङमा १७० वटा दुर्घटना हुँदा चार जनाको मृत्यु भएको छ । ती दुर्घटनामा २९१ जना घाइते भएका छन् । घाइतेमध्ये छ जनाको अवस्था गम्भीर छ । दुर्घटनाको संख्या र घाइतेको विवरणका आधारमा मोरङ प्रदेशकै सबैभन्दा बढी प्रभावित जिल्ला बनेको छ ।

सुनसरीमा भने दुर्घटनाको संख्या मोरङको भन्दा कम भए पनि ज्यान गुमाउनेको संख्या बढी छ । जिल्लामा ८७ वटा दुर्घटना हुँदा आठ पुरूष र दुई महिलासहित १० जनाको मृत्यु भएको प्रहरी निरीक्षक थपलियाले बताए । मृत्यु हुनेमा सवारी चालकसमेत छन् । दुर्घटनामा १५६ जना घाइते भएकामध्ये १४ जनाको अवस्था गम्भीर छ ।

झापामा ८४ वटा दुर्घटना हुँदा दुई पुरूष र दुई महिलाको मृत्यु भएको छ । दुर्घटनामा १३९ जना घाइते भएका छन् । तीमध्ये पाँच जनाको अवस्था गम्भीर छ । उदयपुरमा ३३ वटा दुर्घटना हुँदा तीन पुरुष र एक महिलासहित चार जनाले ज्यान गुमाएका छन् । त्यहाँ ८९ जना घाइते भएका छन् ।

सुनसरी, मोरङ, झापा र उदयपुरमा भएका दुर्घटनामा मात्रै २२ जनाको मृत्यु भएको हो । प्रदेशका बाँकी १० जिल्लामा भने दसैं अवधिमा भएका दुर्घटनामा कसैको ज्यान नगएको प्रहरीले जनाएको छ ।

प्रहरीका अनुसार इलाममा ११ वटा दुर्घटना हुँदा १ जनाको मृत्यु भएको छ भने २० जना घाइते भएका छन् । इलाममा बोलेरो दुर्घटना हुँदा चालकको मृत्यु भएको हो । इलामको देउमाई नगरपालिका १ चमैतास्थित चौरी बजारमा मे १ ज ३०४० नम्बरको बोलेरो गाडी सडकबाट करिब २ मिटर तल खसेर दुर्घटना भएको हो ।

दुर्घटनामा चालक देउमाई नगरपालिका १ चमैता बस्ने अन्दाजी २१ वर्षीय विपिन दियालीको घटनास्थलमै मृत्यु भएको प्रहरीले जनाएको छ ।

घटनाबारे थप अनुसन्धान भइरहेको जिल्ला प्रहरी कार्यालय इलामले जनाएको छ । पाँचथरमा सात दुर्घटनामा १२ जना, खोटाङमा सात दुर्घटनामा नौ जना, ओखलढुंगामा बाँकी ४ पेजमा ▸▸

‘कांग्रेसले गुमेको विश्वास फर्काउन घरदैलोमा जानुपर्छ’

दमक/ नेपाली कांग्रेसका सभापति गगनकुमार थापाले पार्टीले गुमाएको विश्वास पुनः स्थापित गर्न नेता तथा कार्यकर्ता जनताको घरदैलोमा पुग्नुपर्ने बताएका छन् ।

स्याङ्जाको पुतलीबजारमा आज आयोजित स्वागत तथा भेटघाट कार्यक्रममा उनले मतभन्दा पनि कांग्रेसले विश्वास गुमाएको बताए । 'कांग्रेसले गुमाएको मत होइन, विश्वास हो,' उनले भने, 'विश्वास पुनः स्थापित भयो भने मत त्यसलाई पछ्याउँदै आफैँ आउँछ ।'

सभापति थापाले पार्टीबाट टाढिएका मतदातासँग भेटेर उनीहरूका गुनासा सुन्न र बदलिएको कांग्रेसबारे बुझाउनुपर्नेमा जोड दिए । विगतमा पार्टीप्रति असन्तुष्टिका कारण टाढिएका मतदाताको विश्वास जित्न वडा तहदेखि बाँकी ४ पेजमा ▸▸

शुक्रबारसम्म मौसम बदली हुने

वर्षा र हिमपातको सम्भावना

दमक/ नेपाल मौसम विज्ञान विभाग, मौसम पूर्वानुमान महाशाखाले आगामी पाँच दिनको मौसमी अवस्थाको पूर्वानुमान गरेको छ । विभागका मौसमविद् रोजन लामिछानेका अनुसार हाल देशमा पश्चिमी वायुको आंशिक प्रभाव रहेकाले बुधबारदेखि वर्षा र हिमपातको सम्भावना छ ।

‘आगामी शुक्रबारसम्म देशका विभिन्न भूभागमा मौसममा बदली हुने तथा वर्षा र हिमपातको पनि सम्भावना छ, हिमाली भूभागमा आंशिक बदली रहने र बाँकी क्षेत्रमा मौसम मुख्यतया सफा रहने छ,’ उनले भने, ‘मंगलबार राति कोशी, बागमती, गण्डकी र लुम्बिनी प्रदेशका हिमाली तथा पहाडी भूभागमा आंशिक बदली रहनेछ भने अन्य भूभागमा मौसम मुख्यतया सफा रहने पूर्वानुमान छ ।’

महाशाखाका अनुसार मंगलबार कोशी, मधेस, बागमती र गण्डकीका साथै कर्णाली र सुदूरपश्चिम प्रदेशका हिमाली भूभागमा आंशिक बदली रहनेछ । सो अवधिमा कोशी, बागमती र गण्डकी प्रदेशका हिमाली भूभागका एक-दुई स्थानमा हल्का वर्षा तथा हिमपातको सम्भावना छ ।

बुधबारदेखि शुक्रबारसम्म पनि देशका हिमाली तथा पहाडी भूभागमा बदली रहने र केही स्थानमा वर्षा तथा हिमपात हुनसक्ने महाशाखाले जनाएको छ ।

दसैं बिदा सकिएसँगै सरकारी कार्यालय खुले

दमक/ नेपालीहरूको सबैभन्दा ठूलो चाड बडादसैं सकिएसँगै सरकारी कार्यालयहरु सोमबारबाट खुलेका छन् । असोज ३१ गते फूलपातीदेखि कार्तिक ८ गतेसम्मको लामो दसैं बिदा सकिएसँगै सरकारी कार्यालयहरु सोमबारबाट खुलेका हुन् । सरकारी कार्यालयहरु खुला भएसँगै काठमाडौंमा चहलपहल निकै बढेको छ । दसैंमा बन्द भएका व्यापार व्यवसायहरु पनि खुल्न थालेका छन् । त्यस्तै दसैं बिदामा घर गएकाहरूको फर्कने संख्या पनि बढेको ट्राफिक कार्यालयले जनाएको छ ।

पाथीभरा दर्शनमा हिडेकी महिलाको मृत्यु

ताप्लेजुङ / ताप्लेजुङस्थित प्रसिद्ध तीर्थस्थल पाथीभराको दर्शनमा हिडेकी एक महिलाको मृत्यु भएको छ । प्रहरीका अनुसार पाल्पाको रानादेवी गाउँपालिका -८ की ४४ वर्षीया सरू हिस्की मगरको आइतबार मृत्यु भएको हो । जिल्ला प्रहरी कार्यालय ताप्लेजुङका सूचना अधिकारी एवम् प्रहरी निरीक्षक विन्देश्वर यादवका अनुसार मगरको सदरमुकाम फुङ्लिङ बजारमा मृत्यु भएको छ । आफ्ना श्रीमान इन्द्र हिस्की मगरसहित पाथीभरा दर्शनमा हिड्की मगरको फुङ्लिङ बजारमा आइपुग्ने वित्तिकै मृत्यु भएको हो ।

फुङ्लिङ बजार आइपुगेपछि गाडीबाट ओर्लिनासाथ रिँगटा लागेको भन्दै उनी बेहोस भएको प्रहरी निरीक्षक यादवले जानकारी दिए । प्रहरी निरीक्षक यादवका अनुसार बेहोस भएपछि उनका आफन्तले तत्काल उपचारका लागि तमोर अस्पताल पुऱ्याएका र उपचारको क्रममा उनलाई दिउँसो ४:१५ बजे चिकित्सकले मृत घोषणा गरेका थिए ।

तीर्थयात्री मगरको मृत्युबारे तमोर अस्पतालबाट नै जिल्ला प्रहरी कार्यालयमा जानकारी भएपछि प्रहरी निरीक्षक विद्यालालकुमार साहको नेतृत्वमा प्रहरी टोली खटेर कानुनी प्रक्रिया र घटनाबारे अनुसन्धान अघि बढाएको जनाइएको छ ।

आगलागीमा २० लाखभन्दा बढीको क्षति

झापा । झापाको शिवसताक्षी नगरपालिका-१० टेक्रास्थित पार्वती अम्बिका कन्स्ट्रक्सन कम्पनीमा जमिनमुनि राखिएको डिजेल ट्याङ्की पड्किएर आगलागी हुँदा २० लाख रुपैयाँभन्दा बढीको क्षति भएको छ । आइतबार साँझ करिब ७:३० बजे जमिनमुनि रहेको ट्याङ्कीबाट प्रदेश १-०१-००१ क १८०० नम्बरको टिपरमा डिजेल लोड गर्ने क्रममा ट्याङ्की अचानक पड्किएर आगलागी भएको प्रहरीले जनाएको छ ।

आगलागीबाट टिपरमा सामान्य क्षति पुगेको छ भने ट्याङ्कीमा भण्डारण गरिएको डिजेल पूर्ण रूपमा जलेर नष्ट भएको छ ।

आगो नियन्त्रणका लागि इलाका प्रहरी कार्यालय झिलझिलेबाट प्रहरी निरीक्षक महेन्द्र पराजुलीको कमान्डमा प्रहरी टोली खटिएको थियो। प्रहरी चौकी माइधार र इलाका प्रहरी कार्यालय सुरुङ्गाबाट समेत टोली परिचालन गरिएको थियो।

शिवसताक्षी नगरपालिकाको दमकल, प्रहरी र बाँकी ४ पेजमा ▸▸

मोरङ-सुनसरीमा तीन रहस्यमय घटना:

दुई शव फेला, दुई बालिका बेपत्ता

दमक/ दसैँपछि मोरङ र सुनसरीमा भएका तीन घटनाले सुरक्षा चासो बढाएको छ । विराटनगरका रेस्टुरेन्ट सञ्चालक मनोज खत्रीको मृत्यु प्रकरणमा प्रहरीले आत्महत्या दुरुत्साहनको आरोपमा एक युवतीलाई पक्राउ गरेको छ । यसैबीच, सुनसरीमा बोराभित्र एक व्यापारीको शव फेला परेको छ भने मोरङको पथरी शनिश्चरेबाट दुई बालिका बेपत्ता भएका छन् ।

विराटनगर महानगरपालिका - ३ निवासी ५१ वर्षीय खत्रीको मृत्यु प्रकरणमा प्रहरीले झापाको गौरादह नगरपालिका-६ घर भएकी २७ वर्षीया इन्दु भनिने खिलिना दाहाललाई पक्राउ गरेको हो । मृतकका भाइले आत्महत्या दुरुत्साहनसम्बन्धी किटानी जाहेरी दिएपछि दाहाल पक्राउ परेकी हुन् । मोरङ प्रहरीले जिल्ला अदालतबाट पाँच दिनको म्याद थप गरी अनुसन्धान अघि बढाएको छ ।

जिल्ला प्रहरी कार्यालय मोरङका सूचना अधिकारी प्रहरी नायब उपरीक्षक मकेन्द्रकुमार मिश्रका अनुसार दाहाल विगत चारदेखि पाँच वर्षदेखि खत्रीको पिजफायर रेस्टुरेन्टमा कार्यरत थिइन् । उनले रेस्टुरेन्टको आर्थिक हिसाबकिताबसमेत हेर्दै आएकी थिइन् ।

प्रहरीको प्रारम्भिक अनुसन्धानमा खत्री र दाहालबीच केही समयदेखि व्यक्तिगत सम्बन्ध रहेको तथा पछिल्लो समय व्यक्तिगत सम्बन्ध र आर्थिक कारोबारका विषयमा खटपट देखिएको खुलेको छ । दाहालले भने खत्रीलाई मानसिक तनाव नदिएको, धम्की वा ब्ल्याकमेल नगरेको र उनको मृत्युमा आफ्नो कुनै भूमिका नरहेको दाबी गरेकी छन् । खत्रीले मृत्यु हुनुभन्दा करिब १० दिनअघिदेखि अत्यधिक मदिरा सेवन गर्ने गरेको पनि उनले प्रहरीसमक्ष बताएकी छन् । बाँकी ४ पेजमा ▸▸

धानबालीमा रोग कीराको प्रकोप

पानीपर्ने हल्लाले किसानलाई चिन्ता थपियो

झापा/ झापा, मोरङ र सुनसरीका विभिन्न धान फल्ने खेतहरूमा पाक्न लागेको धानमा किराको प्रकोप देखिएपछि उत्पादन घट्ने चिन्तामा किसानहरूमा बढेको छ । स्थानमा किसानले लगाएको धानबालीमा रोग कीराको प्रकोप देखिएपछि किसानहरु चिन्तित बनेका हुन् । धान पसाउने, बाला लाग्ने तथा पाक्ने समयमा विभिन्न रोग कीराको सङ्क्रमण देखिएपछि किसानहरु धानबाली जोगाउन विषादी छर्न बाध्य भएका छन् ।

धानबालीमा कतै गभारो, कतै पतेरो त कतै ब्लास्ट रोगको समस्या देखिएको झापाको दमकस्थित किसान गणेश धिमालले बताए । विभिन्न जातको धानको प्रजाती अनुसार नै विभिन्न रोग किरासहित धानको पात सुक्ने, पातमा दाग देखिने तथा बोट कमजोर हुनेजस्ता समस्याले धान उत्पादनमा असर पार्न सक्ने भन्दै किसानहरु चिन्तित बनेको उनको भनाइ छ ।

यसैगरी झापाको भद्रपुरका किसान इश्वरी दाहालका अनुसार धान भित्र्याउने समय नजिकिँदै गर्दा रोग कीराको प्रकोप देखिएपछि वर्षभरी मेहनत गरेर लगाएको बालीमा क्षति पुग्ने चिन्ताले किसानहरूलाई सताएको उनको भनाई छ । बाँकी ४ पेजमा ▸▸

भिटामिन ‘ए’ र जुकाको औषधि खुवाइने

दमक/ दसैंका कारण स्थगित राष्ट्रिय भिटामिन ‘ए’ कार्यक्रम आगामी कात्तिक १७ र १८ गते सञ्चालन हुने भएको छ । स्वास्थ्य तथा जनसंख्या मन्त्रालयका अनुसार अभियानअन्तर्गत देशभरका करिब २१ लाख बालबालिकालाई भिटामिन ‘ए’ र २० लाख बालबालिकालाई जुकाको औषधि खुवाइनेछ ।

स्वास्थ्य सेवा विभागका पोषण शाखा प्रमुख लीलाविक्रम थापाका अनुसार ६ महिनादेखि ५९ महिनासम्मका बालबालिकालाई भिटामिन ‘ए’ क्याप्सुल तथा एक वर्षदेखि पाँच वर्षसम्मका बालबालिकालाई जुकाको औषधि खुवाइनेछ ।

अभियान सञ्चालनका लागि आवश्यक भिटामिन ‘ए’ क्याप्सुल सबै प्रदेशका स्वास्थ्य आपूर्ति केन्द्रमा पठाइसकिएको थापाले जानकारी दिए । कार्यक्रम प्रभावकारी बनाउन देशभर ५२ हजार महिला स्वास्थ्य स्वयंसेविका र १० हजार स्वास्थ्यकर्मी परिचालन गरिनेछन् ।

नियमित रूपमा प्रत्येक वर्ष कात्तिक २ र ३ गते सञ्चालन हुँदै आएको कार्यक्रम यस वर्ष दसैंका कारण पछि सारिएको हो । बालबालिकामा कुपोषण तथा विभिन्न स्वास्थ्य समस्याको जोखिम न्यूनीकरण गरी स्वास्थ्य र पोषण अवस्था सुधार गर्ने उद्देश्यले सरकारले २०५० सालदेखि भिटामिन ‘ए’ खुवाउने कार्यक्रम सञ्चालन गर्दै आएको छ । त्यस्तै, जुकाको औषधि खुवाउने कार्यक्रम २०५६ सालदेखि सुरु भएको हो ।

प्रधानमन्त्री राहत कोषमा १८ अर्ब बढी मौज्दात

दमक/ रसुवाको भोटेकोशी नदीमा आएको बाढीपछि प्रधानमन्त्री दैवी प्रकोप उद्धार कोष र प्रधानमन्त्री राहत कोषमा आर्थिक सहयोग जुट्ने क्रम अझै जारी छ ।

प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयका अनुसार कोषको विभिन्न बैंकका खातामा मंगलबार बिहान ९:०० बजेसम्म मौज्दात रकम १८ अर्ब नौ करोड ३२ लाख ३६ हजार ८५२ रुपैयाँ पुगेको छ । प्रधानमन्त्री दैवी प्रकोप उद्धार कोषका विभिन्न नौ वटा वाणिज्य बैङ्कमा मैज्दात १३ अर्ब ४८ करोड चार लाख २९ हजार ६४ र हिमालयन बैङ्क तथा लक्ष्मी सनराइज बैङ्कमा तीन करोड चार लाख ९१ हजार ४४४ अमेरिकी डलर पुगेको छ ।

स्कार्पियो दुर्घटनामा ६ को मृत्यु

दमक । गुल्मीको कालीगण्डकी गाउँपालिका-२, दबौखानीमा स्कारपियो दुर्घटना हुँदा ६ जनाको मृत्यु भएको छ। स्याङ्जाको चिरकोटबाट गुल्मीको राक्सेतर्फ जाँदै गरेको बा ०२२० नम्बरको स्कारपियो सोमबार दिउँसो कालीगण्डकी करिडोरबाट करिब २५० मिटर तल खसेको हो ।

दुर्घटनामा पाँच जनाको घटनास्थलमै र एक जनाको उपचारका क्रममा मृत्यु भएको प्रहरीले जनाएको छ। मृत्यु हुनेमा चालक स्याङ्जाको वालिङ नगरपालिका-२ का ६७ वर्षीय दिलिपकुमार बागले, वालिङ-१० का शिव बाँकी ४ पेजमा ▸▸

सम्पादकीय

दसैं बिदाईको नयाँ र अनुकरणीय अभ्यास

नेपाल जस्तो बहुजाति, बहुभाषी, बहुसंस्कृति र बहुधार्मिक विशेषताले भरिएको मुलुकमा विभिन्न पर्व र चाडपर्वहरुलाई मनाउने, हेर्ने तथा बुझ्ने तौरतरिकामा विविधता हुनु स्वाभाविक हो । यस्ता विविधतालाई वैमनस्यता वा दूरीको कारण बनाउनुको सट्टा आपसी सद्भाव, सहअस्तित्व र साझा सांस्कृतिक मूल्यको रुपमा आत्मसात गर्न सकियो भने मात्र समाज बलियो बन्छ । हालै झापाको दमकमा प्रस्तुत गरिएको एउटा फरक र अनुकरणीय सांस्कृतिक अभ्यासले यही मर्मलाई सतहमा ल्याइदिएको छ । भजनकीर्तन मण्डली दमक(५ र भजनकीर्तन मण्डली केन्द्रीय समितिको संयुक्त आयोजनामा दमकमा सम्पन्न सामूहिक बडादसैं समापन तथा ज्येष्ठ नागरिक सम्मान कार्यक्रमले पर्वलाई केवल धार्मिक कर्मकाण्ड वा निश्चित समुदायको घेराभित्र मात्र सीमित नराखी यसलाई सामाजिक सद्भाव, आत्मीयता र सहकार्यको गतिलो कडीका रुपमा स्थापित गरेको छ ।

किरात समुदायका प्रतिनिधि, बौद्ध धर्मावलम्बी, विभिन्न धार्मिक मठमन्दिरका गुरू, वैदिक सनातन धर्म संरक्षण समितिका पदाधिकारी, जनजाति कल्याण समितिका अगुवा, सरकारी कार्यालय तथा सुरक्षा निकायका प्रमुखलगायत समाजका विभिन्न क्षेत्रका व्यक्तित्वहरुको यो कार्यक्रममा देखिएको सक्रिय सहभागिताले हाम्रो सामाजिक सहिष्णुताको मौलिक स्वरुपलाई जीवन्त रुपमा प्रतिबिम्बित गरेको छ । दसैं पर्वलाई कसैले मान्ने र कसैले नमान्ने वा आ(आफ्नै आस्थाका दृष्टिले हेर्ने गरे पनि, त्यस्ता भिन्नताले सामाजिक सम्बन्ध र पारस्परिक आदरलाई कुनै पनि हालतमा कमजोर बनाउनु हुँदैन भन्ने उच्च वैचारिक चेत यस कार्यक्रमले दिएको सबैभन्दा ठूलो सन्देश हो । दसैंको आगमनलाई भव्यताका साथ स्वागत गर्ने हाम्रो परम्परागत संस्कृति रहे पनि, यसको समापनलाई पनि यसरी नै सामूहिकता, आत्मीयता र सामाजिक एकतासँग जोड्ने अभ्यास दमकमा पहिलोपटक गरिनुले एउटा सकारात्मक सांस्कृतिक कायापलटको संकेत गरेको छ ।

कार्यक्रमको अर्को सबैभन्दा सत्कारयोग्य पक्ष भनेको समाजका अनुभव र ज्ञानका खानी मानिने ज्येष्ठ नागरिकहरुको सम्मान हो । दुई दर्जनभन्दा बढी ज्येष्ठ नागरिकहरुलाई दोसल्ला ओढाएर गरिएको सम्मान र उनीहरुको हातबाट नगरप्रमुख रामकुमार थापालगायत उपस्थित सम्पूर्ण महानुभावहरुले टीका तथा जमरा ग्रहण गरी आशीर्वाद लिने परम्पराले पुस्तान्तरणको दूरीलाई मेटाएको छ । यसले नयाँ र पुरानो पुस्ताबीचको सम्बन्धलाई अझ प्रगाढ बनाउँदै हाम्रो संस्कृतिभित्र रहेको आदरभावलाई व्यवहारमा उतारेको छ ।

पर्वको आगमनलाई मात्र उल्लासका साथ मनाउने प्रचलन रहेको समाजमा यसको बिदाइलाई पनि यति अर्थपूर्ण, स्मरणीय र सामाजिक एकताको सूत्रमा बाँध्न सकिन्छ भन्ने गतिलो उदाहरण दमकको यस कार्यक्रमले प्रस्तुत गरेको छ । फरक धार्मिक र सांस्कृतिक पृष्ठभूमिका व्यक्तिहरु एकै ठाउँमा जम्मा भएर संवाद, सहकार्य र सहअस्तित्वको संस्कृतिलाई व्यवहारमा देखाउनु चानचुनो कुरा होइन । यस किसिमका कार्यक्रमले भिन्न समुदायबीचको दूरीलाई घटाउँदै पारस्परिक सम्मानको दायरालाई फराकिलो बनाउन ठूलो भूमिका खेल्छन् । नगरप्रमुख थापाले यस्ता कार्यक्रमलाई आगामी दिनमा निरन्तरता दिन नगरपालिकाको तर्फबाट पूर्ण सहयोग रहने प्रतिबद्धता व्यक्त गर्नुले यसको सामाजिक महत्वलाई थप पुष्टि गरेको छ । तसर्थ, दमकबाट सुरू भएको यो सात्विक र सद्भावपूर्ण अभ्यासले स्थानीय स्तरमा मात्र नभई समग्र राष्ट्रिय जीवनमै सहअस्तित्व र सामाजिक ऐक्यबद्धताको सन्देश दिनेछ भन्ने अपेक्षा लिन सकिन्छ ।

व्यंग्य आलेख

ठूला घरे बा र परिवर्तनको घन्टी कथा

सत्येन्द्रलाल कर्ण
lalsatyendra1959@gmail.com

धमिनी आमैले उनलाई भनेका रहेछन् जुन दिन तिम्रो आँखा अगाडि घन्टी बाँधेको बिरालाले टिङ टिङ घन्टी बजाउँछन् र बस्तीभरिका मानिसहरूले घन्टीको आवाज सुनेर तिमीलाई नै दोष लगाउँछन्, त्यसै दिन देखि तिमीलाई न खाएको विष पनि लाग्न थाल्छ ।

ठूला घरे बा साह्रै रिसाहा स्वभावका छन् । तर उसको मुसुक्क हाँस्ने बानीले उ असाध्यै लोकप्रिय पनि छ । बस्तीभित्रका कुनै पनि भुरे टाकुरेले उनलाई उछिन्ने आँट गर्न सकेका छैनन् । हरेक पटक बस्तीको सरदार छान्नुपर्दा उनकै नाम सबैभन्दा अगाडि आउँछ । त्यसकारणले हाकाहाकी उनको विरोध गर्ने ताकत कसैले पनि जुटाउन सकेका छैनन् । उनले आफ्नो बस्ती भित्र आधुनिककरणको लहर नै चलाई दिएका छन् । सडकमा आवत जावत गर्ने बटुवाहरूको सुविधाको लागि आकाशे पुल पनि बनाउन लगाएर देखाई दिएका छन् । आफूले सोच्दै नसोचेको सफलता हात पार्दै दुनियालाई मख्ख पार्ने मौका नगुमोस् भनेर उनले आफ्नो मुलुककै नयाँ नक्सा पनि बाड्न भ्याएका छन् । संसारमै उनको मुलुक जस्तो अर्को मुलुक कहीँ छैन अरे भन्छन् । एउटा सुन्दर अठार तले भ्यु टावर आफ्नो बस्ती भित्रै बनाउने उनको योजना पनि आज साकार भएको छ ।

उराठ लाग्दो सुनसान ठाउँमा भ्यु टावर तयार भइसकेपछि उनका जति प्रशंसकहरु बढेका छन् त्यति नै उनका विरोधीहरु पनि उफ्रि रहेका देखिन्छन् । उनका समर्थकहरूमा अझ धन माल जोड्न सक्ने आशा पनि पलाएर गएको छ । बिहानीको उदाउँदो घाममा टल्किने उनले बनाउन लगाएका भ्यु टावर बेहुली झैं सजिएको देखेर ठूला घरे बा को मन फुरूङ्ग भइरहेको छ । भ्यु टावर परिसरभित्रै ठूलो औद्योगिक गतिविधिहरूको सञ्चालन र विस्तार गर्ने उनको योजना झन् झन् व्यापक रूप लिँदै छ ।

बस्ती भित्रका चिल्ला सडक देख्ना साथै उनको मनभित्र एकै साथ अनेकौं किसिमका कल्पनाका तरङ्गहरु उठ्ने गर्छ । ओ हो क्या राम्रो, कति सुन्दर ठाउँ हो यो बस्ती । छिमेकी मुलुक भन्दा हाम्रो मुलुक कति सुन्दर छ र कति व्यवस्थित छ यसको बयान गर्न सकिदैन । मुलुक कै प्रमुख सरदार भएकोमा ऊ आफैमा आत्म विमुग्ध छ । आफ्ना विरोधीहरूलाई उखान टुक्काबाटै सोत्तर बनाइदिने उनको विचार उनको मुलुक भित्र आदर्श वाक्य बनिसकेको छ । अहिले उनको प्रभाव जति जति बढ्दैछ त्यति त्यति नै उनका विरोधीहरु पनि उनको सातो लिन थालेका छन् । उनको उखान टुक्काबाट मुलुक कहाँबाट कहाँ गइसक्यो भनि सक्नु साध्य छैन । जुनसुकै विमर्शमा उनको उखान टुक्का र ख्याल ठट्टा युक्त विचारले सबैलाई उन्मुक्त रूपमा हाँसिरहन अवसर प्रदान गर्दछ । भनिन्छ एक जना विद्वानले त उनको उखान टुक्कामा पीएचडी पनि पास गरिसकेका छन् अरे । अब त उनको आचार विचार र जीवनशैलीमा आकाश पातालको परिवर्तन आइसकेको छ । जस्तोसुकै तालुखुइले प्रतिस्पर्धीहरूलाई ऊ एकैछिनमा इन्तु नचिन्तु बनाइदिने हैसियतमा पुगिसकेको छ । छरछिमेकका मुलुकका सरदारहरु उनको नाम सुन्ने बित्तिकै तर्सिने गर्दछन् । उनले गर्न खोजेको उरनठ्याउलो र उटपट्याङ कार्यहरूमा साइला काका र माइला दाई नाम गरेका उनका सहयोगीहरूको पनि ठूलो सहकार्य रहने गर्दछ ।

मुलुक भित्रका भुडे र जुङ्गेहरूलाई हरेक तरहले फकाउने फुलाउने र आफ्नो दुनो सोझ्याउने काममा ठूला घरे बा साह्रै नै सिपालु रहेछ । मुलुक भित्र नयाँ नयाँ विकास कार्यहरूलाई भित्र्याएर ठूला घरे बा ले आफ्नो समुदायमा एउटा उदार न्यायप्रिय व्यक्तिको रूपमा आफूलाई चिनाउन सफल भइसकेका छन् । उनले आफ्ना चाकडी गर्नेहरूलाई पनि ठुलठुला पदहरु दिएर सन्तुष्ट पार्ने काम गरेका छन् । सुकुम्बासी बस्तीका मानिसलाई जग्गाधनी बनाइदिने उनको विचार ज्यादै नै घतलाग्दो छ । एकचोटिको कुरो हो, छिमेकी मुलुकका सरदारले ठुला घरे बाको मुलुक माथि पूरै नाकाबन्दी गरिदिएका थिए ।

जनतालाई आवश्यक पर्ने सरसामानहरु पायक ठाउँहरूबाट ल्याउन निषेध गरिएको हुनाले मानिसहरूलाई खान लाउन, औषधि मुलो गर्न,र उद्यम व्यवसाय गर्न निकै सकस पर्यो । ठूला घरे बा ले आफ्नो प्रत्युत्पन्न मतिले माइला दाई र साइला काका लगायतका साथीहरूको नेतृत्वमा एउटा संयन्त्र बनाउन लगाएर उनीहरूको बैठक बोलाई चोरी पैठारी गराएरै भएपनि मुलुक भित्र मालसामान ओसार पसार गराई दिने व्यवस्था मिलाएका रहेछन ।

पारि मुलुकका चोर बजारेहरूका लागि रातो कार्पेट ओछ्याएर उनीहरूलाई स्वागत समेत गरियो । मुलुक भरि नै नयाँ नयाँ चोर बजारी गर्ने तरिकाहरू सिक्ने टिमहरु तयार भयो र पारिबाट मालसामान ल्याइदिने ग्रुप तयार हुन थाल्यो र जसो तसो मुलुकबासीहरूको खाँचो टर्दै गए। चोरी तस्करी गराउन लगाएर भएपनि खानुपर्छ, बाँच्नुपर्छ र अकुत सम्पत्ति कमाउनु पर्दछ भनेर उनले नै मुलुक बासीहरूलाई प्रोत्साहन गरे । जबसम्म विदेशी मुलुकका कुकुरहरु हाम्रो अगाडि आइरहन्छन् तबसम्म हामीलाई कुनै समस्या हुँदैन भनेर ठूला घरे बाले घरी घरी घुर्की पनि लाउछन् । त्यस पछि ठुला घरे बाले कहिले पनि पछि फर्केर हेर्नु परेन । आफ्ना इष्टमित्र, नातागोता र चेला चपाटी लगायत आफ्नो जहान परिवारको सुख शान्तिको लागि भ्याएजति सबै काम फत्ते पार्न उसलाई कसैले रोक्न सकेन ।

आफ्ना वरिपरि रहेका गुण्डा फटाहा र भुइँफुट्टाहरूलाई पनि आफ्नो विश्वास पात्र बनाएर मुलुकको सञ्चालन गर्न उनी खप्पिस भए । पानीजहाज चलाउने तथा रेल यातायात को विकास गर्ने, बेरोजगार युवा युवतीहरूको लागि टाढा टाढाको मुलुक भित्र काम गर्न उत्प्रेरित गराउने र रोजगारी दिलाउने लगायतका कार्यहरु खयाल ठट्टा मै गरेर देखाइ दिने विश्वास उनले मुलुक बासीलाई गराएको थियो । तर कहिलेकाहीँ सबैथोक भनेजस्तो नै हुँदैन । भित्रैभित्रै मुलुकका बस्तीभित्र असन्तुष्टिको लहर पनि चल्न थाल्यो । बुढो भइसकेका ठुला घरे बालाई हटाएर नयाँ पुस्ताका ठिटाहरूलाई मुलुक जिम्मा लगाउने भनेर चारैतिर गनगन सुरू भइसकेको थियो ,तर ठुला घरे बाले चाल पाएनन् ।

भाग्य विपरीत भएपछि उटमाथि बसेका मानिसहरूलाई पनि कुकुरले टोक्छ । त्यही अवस्था ठुला घरे बा ले भोग्नु पर्यो । ठूला घरे बाले विरोधीहरूको चुस्ती फुर्ती र चर्तिकला चाल पाएर सम्पूर्ण आधुनिक सञ्चारमाध्यमहरूमाथि प्रतिबन्ध लगाउन खोज्दा पनि सकेनन्। फेसबुक र ट्विटर, इन्स्टाग्राम लगायतका सञ्चारमाध्यमहरु बन्द गराए पछि फोनबाट कुराकानी गर्न पनि समस्या सिर्जना भयो । नारा जुलुस गरेर विरोध गर्नेहरु तथा उत्पात मचाउनेहरु माथि भुटु टुटु गोली बर्साउन लगाएर दर्जनौँ युवाहरूलाई ज्यान लिन लगाए र उक्साए । भित्रैभित्रै मुलुक बासीहरु जुर्मुराएर विस्फोटक रूपमा अगाडि आउन थाले । जसरी भएपनि आफ्नो मुलुकको सरदार बाट उसलाई लखेट्न उनीहरु उत्साहित हुन थाले । मुलुक भित्र एउटा गोप्य विमर्श केन्द्र स्थापना भयो र विमर्श केन्द्रबाट उत्पादन भएका विचारहरूबाट नै ठूला घरे बा लाई धुरूधुरू रूवाउने र उनले हासिल गरेका उपलब्धिहरूलाई पनि धज्जी उडाइदिने योजनामा उनीहरूले सहमति जनाए । सहमति अनुसार मुलुक भित्रकै कै एकजना ठिटोले ठूला घरे बाको घर अगाडि बस्ने एउटा ढाडे बिरालोको घाँटीमा परिवर्तनको लागि सधैँ ट्याङ ट्याङ बजिरहने घन्टी झुण्ड्याइ दिएर त्यसको प्रतिक्रिया हेर्न चारैतिर सुराकीहरू लगाए। घन्टीको टिङ टिङ आवाज सुन्ने बित्तिकै ठुला घरे बा झसँग भए र के भएको रहेछ भनेर हेर्न खोजे । त्यत्तिकैमा बिरालोको घाँटीमा घन्टी बाँधिएको र टिङटिङ गरिरहेको देखेर ठुला घरे बा पनि छक्क परेर रिसले रन्किन थाले । गोबर र गुइठामा लतपतिएको यो कालो बिरालो कहाँबाट आयो भनेर पत्ता लगाउन मान्छे खटाउन लगाए तर बिरालो भाग्दै यो घर त्यो घर वल्ला घर पल्ला घर उफ्रिदै मुलुकका बस्तीभरि रमाइलो गरिरहेको देखेर ठुला घरे बा आफ्नो पुरपुरोमा हात राखेर सोचमग्न भए र उनलाई एकजना धमिनी आमैले भनेको कुरा सम्झना भयो ।

धमिनी आमैले उनलाई भनेका रहेछन् जुन दिन तिम्रो आँखा अगाडि घन्टी बाँधेको बिरालाले टिङ टिङ घन्टी बजाउँछन् र बस्तीभरिका मानिसहरूले घन्टीको आवाज सुनेर तिमीलाई नै दोष लगाउँछन्, त्यसै दिन देखि तिमीलाई न खाएको विष पनि लाग्न थाल्छ, त्यही दिन देखि तिम्रो पतन र पलायन हुने र जेलभित्र र जेल बाहिर आउ जाउ गरिरहनुपर्ने र बाकी जीवन बिताउनु पर्ने निश्चित प्राय हुन्छ ।

ठूला घरे बा त्यही रात कसैलाई केही नभनी सुटुक्क घर बाहिर निस्केर गए । बस्तीभित्र ठूला घरे बा नभेटिएपछि माइला दाई र साइला काका घर घर डुल्दै घन्टी बजाउने बिरालोको पछि पछि कुदै ठूला घरे बा लाई खोज्न थाले ।

शाकाहारी खानाबाट स्वास्थ्य र वातावणमा पर्ने प्रभाव

विश्वप्रसिद्ध साहित्यकार जर्ज बर्नाड साले भनेका थिए, 'हाम्रो पेट मरेको जनावरहरूलाई गाड्ने चिहान होइन ।' मांसाहारीप्रति लक्षित यस उद्गार पढेर, सुनेर धेरै मान्छे शाकाहारी बनेका छन् । लियो टल्सटाय, बर्नाड सा, आइन्सटाइन, गान्धी, रवीन्द्रनाथ टैगोरजस्ता शाकाहारीहरूको दाबी छ– जबसम्म हिंसाद्वारा भोजन जुटाइन्छ तबसम्म संसारमा कुनै न कुनै प्रकारले युद्ध चलि नै रहनेछ । कारण जे भए पनि भरसक शाकाहारी बन्ने नभए पनि खपतदर कम गरी योगदान पुर्याउने संख्यामा केही दशकदेखि बढोत्तरी भइरहेको छ ।

सन् १९९० को दशकमा ग्लोबल वार्मिङ तथा जलवायु परिवर्तन वैज्ञानिक एवं अनुसन्धानकर्ताको अध्ययनको विषय मात्र थियो, तर अहिले पृथ्वी, मानव समुदाय र समस्त वनस्पती, प्राणीजगत्को अस्तित्वमाथि गम्भीर संकटको रूपमा तेर्सिसकेको छ । जैविक तेल, पेट्रोलियम पदार्थबाट ७५ प्रतिशत कार्बन उत्सर्जन हुने हुँदा प्रयोग गर्ने वाहनहरु नै प्रमुख कारकका रूपमा सम्झिने गरिन्छ ।

सन् २१०० सम्ममा समुद्रको सतहमा १८ देखि ५९ सेमीले पानी बढ्ने अनुमान छ । जलवायु परिवर्तनलाई न्यूनीकरण गर्न युवापुस्ताहरु लागेको पनि देखिन्छ, तर बढ्दो आधुनिकता र विलासी जीवनले गर्दा विकृति, विसंगति र प्रदुषण बढाएको देखिन्छ । जरूरतविना नै महँगा र चिल्ला मोटरसाइकल गुडाउने, बडी स्प्रेको प्रयोग, विरोध जनाउन टायर बाल्नेजस्ता कार्यले वायुमण्डलमा कार्बन थप्ने कार्य गरिरहेको छ ।

जनस्वास्थ्य

वर्षातको समय छोटिँदै जानु, हिउँदका महिनामा गर्मी बढ्नु, कृषि उत्पादन घट्नु, फल लाग्ने र बाली पाक्ने समय अनियमित हुनु, काठमाडौंमा स्याऊ फल्न छोड्नु, तराईतिर पाइने जीवजन्तु र कीटपतंग पहाड हिमालतिर पाइनथाल्नु, फागुनमै काफल पाक्नुजस्ता लक्षण नेपालमा जलवायु परिवर्तनका असरहरूका रूपमा देखापरेको मानिन्छ । जलवायु परिवर्तन कै कारण भएको तापक्रम वृध्दिले साङला यतात्यता प्रशस्तै पाइनथालेका छन् । साङलाले खासै हानी नगरे पनि रोग सार्ने माध्यम बन्न सक्छ, एन्थ्राक्स ब्याक्टेरिया फैलाउन सक्दछ ।

जनस्वास्थ्यमा असर पारी गर्मीमा हुने मृत्युदरमा वृध्दि, उच्च ठाउँमा पनि लामखुट्टे तथा त्यसका कारण औलोको प्रभाव, पानीबाट उत्पन्न हुने र सरूवा रोग बढ्ने, शीत प्रदेशमा ठन्डीबाट हुने मृत्युदरमा कमी, पानीको मात्रामा कमी भई अकासेपानीमा भर पर्ने वेला आएको छ । खाद्यवाली, बनस्पती, बोटबिरूवा र जडिबुटी उन्मुलन हुदै जानेछन् । कतिपय पशुंपंक्षीहरु लोप हुनेछन् । खाद्यसंकट र पानीको अभावले हाहाकार मच्चीने छ । तापक्रम बढ्नाले औलो, डेगुं, पखालाले ग्रस्त बनाउनेछन् । पानीको स्रोतमा धेरै कमी हुनेछ । धेरै मानिस भोकमरीमा पर्नेछन् ।

उन्मुक्तिका उपाय

समस्याबाट उन्मुक्ती पाउन स्वच्छ उर्जा, विजुली, गोबरग्यास, सौर्य प्रविधीको प्रयोग, बन संरक्षण र विस्तार, वस्तुको पुनः प्रयोग तथा कार्बन शून्य घर, कार्यालय, व्यवसायमा बढोत्तरी गर्नुपरेको छ । त्यसको न्यूनीकरणका लागि ग्रिनहाउसको वृद्धि गर्ने, वनजंगल बढाउने, कार्बन डाइअक्साइडको मात्रा कम गर्ने सवारीसाधनको प्रयोग गर्नुपर्दछ । घरवारी तथा करेसाको फोहोर नजलाउने, फोहोर छुट्याएर राख्ने बानीको विकास, बजार जाँदा कपडाको झोला लिएर जाने, प्लास्टिकको सामानको प्रयोग नगर्ने गर्दा पनि कार्बन उत्सर्जनमा कमी आउँछ ।

खेतबारीमा रासायनिक मल तथा किटनाशक औषधिको प्रयोग नगर्ने, गाईभैँसीको गोबर तथा जैविक वस्तुबाट गोबरग्यास बनाई त्यसबाट निस्कने जैविक मलको प्रयोग गर्नुपर्दछ । एउटा गोबरग्यास प्लान्टले करिब दुई टन कार्बनडाइअक्साइड प्रतिवर्ष हावामा मिसिनबाट जोगाउँछ ।

बनौं शाकाहारी

भोजन आवश्यकताभन्दा पनि बानी हो बदल्न समय लाग्छ, अप्ठ्यारो हुन्छ, तर असम्भव छैन । मांसाहारी भोजनले प्राकृतिक स्रोतको व्यापक दुरूपयोग गरेको, पर्यावरणको क्षति र ग्रिनहाउस असरलाई पनि तीव्र पारेको छ । जलवायु परिवर्तनका थुप्रै कारक तथा न्यूनीकरणका उपाय भए पनि माछामासुको चर्चामा व्यक्तिगत रूपमा हामी सबैले आफ्नो खाद्य रोजाइमा परिवर्तन गरी जलवायु परिवर्तन तथा बढ्दो तापक्रममा नियन्त्रणमा सहयोग गर्न सकिने र स्वस्थ रहने तथ्य यहाँ उजागर गर्न चाहन्छु ।

अमेरिकाले उत्पादन गर्ने मकैको ९१ प्रतिशत, सोयाको ७७ प्रतिशत र जौको ६४ प्रतिशत मासु खाने उद्देश्यले मात्रै पालिएका जनावरलाई खुवाइन्छ । यो खाद्यान्न सोझै मनुष्यलाई दिए संसारको भोकमरी तुरून्तै समाप्त हुन सक्छ होला । एफएओको अध्ययनमा १४ देखि २१ प्रतिशत ग्रिनहाउस असरका ग्यास मासु उत्पादन प्रक्रियाबाट पैदा हुन्छन् । आलु १ पाउन्ड उत्पादन गर्न २ सय ८ लिटर पानी आवश्यक हुन्छ भने १ पाउन्ड बिफ वा गाइको मासुका लागि ४० हजार लिटर पानी खर्चिनुपर्छ । अमेरिकीहरूले आफ्नो भोजनबाट मांसाहार १० प्रतिशतले मात्र घटाए भने १० करोड भोका व्यक्तिलाई पर्याप्त शाकाहारी भोजन दिन सकिन्छ । मांसाहारबाट भइरहेका अन्य पर्यावरणीय क्षतिका आँकडा झनै डरलाग्दा छन् ।

शाकाहारी भोजनमा रहने भोजन तत्वहरु, फाइबर, सेलुलोजको प्रचुरताका कारण भोजन नलीभित्र व्यवस्थित रूपमा हलचल हुँदा भोजन नलीले ठिक प्रकारले काम गर्छ र क्यान्सरको सम्भावना कम हुन्छ । त्यसैगरी कब्जियत, कोलाइटिस, हर्नियाजस्ता रोग लाग्न पाउँदैन । हृदयसम्बन्धी रोगसमेत रोकथाम हुन जान्छ किनभने मासुमा हुने चिल्लो पदार्थ खाँदा रक्तप्रवाह बन्द भएर हृदयघात वा हृदयसम्बन्धी रोग लाग्ने गर्दछ । मुटुजन्य रोग र क्यान्सरबाट जोगिन तथा सम्भावना घटाउन कदम चालियो भने रातो मासुको उपभोग घट्छ। जसले जलवायु परिवर्तनको खतरा घटाउँछ । किनभने पृथ्वीमा कुल हरितगृह ग्यास उत्सर्जनमा गाईबस्तुको भूमिका १८ प्रतिशत छ । त्यसैले कम खानु, समयअनुसार खानु र बारम्बार नखानु राम्रो हुन्छ । शाकाहारी भोजनले दीर्घायु दिन्छ र पर्यावरण पनि राम्रो हुन्छ ।

मानिसमा लाग्ने रोग र संसारभर बढ्दो तापक्रमबिच कैयौँ कोणबाट सम्बन्ध छ । मुटुजन्य रोग, क्यान्सर, सरूवा रोगहरु इन्फ्लुएन्जा, साल्मोनेलाको संक्रमणजस्ता थुप्रै रोगहरु जलवायुपरिवर्तनबाट प्रत्यक्ष प्रभावित छन् भने अप्रत्यक्ष रूपमा दुर्घटना, तनाव, आत्महत्या, भोकमरी, कुपोषणा आदि पर्दछन् । यसै अन्तरसम्बन्धलाई गहिराइसम्म बुझेर विश्व स्वास्थ्य संगठनलगायत विभिन्न देशले आफ्नो नीति र संरचनामा परिवर्तन ल्याएका छन् ।

विश्व क्यान्सर अनुसन्धान कोषको सुझावमा पनि हप्तामा बढीमा आधा किलो रातो मासु खाई खपतदर घटाएर क्यान्सरलगायतका रोगबाट बच्न सकिन्छ तथा बढ्दो तापक्रम नियन्त्रणमा योगदान पुर्याउन सकिन्छ । मासु खाँदा मात्र नभई गाईबस्तु जन्मेदेखि मरेपछिसम्म तिनीहरूको आहारा, पालनपोषण, मलमूत्र, मासु तथा अन्य अवशेषको विसर्जनबाट धेरै मात्रामा हरितगृह ग्यास निस्कन्छ ।

जिउँदा गाईबस्तुको ढुवानी र मासुको वितरण प्रणालीबाट समेत वायुमण्डलमा कार्बनडाइअक्साइड ग्यास वृद्धि हुन्छ । खाद्य तथा कृषि उद्योगको हरित ग्यास उत्सर्जनमा एकतिहाइ योगदान छ । आधुनिकताले बढी उत्पादन, सुविधा र मुनाफामुखी बनाए पनि भावी पुस्ताको भविष्य खतरामा परेको छ । उपभोग प्रणालीले उत्पादन प्रणालीमा ठुलो असर परेको छ ।

व्यावसायिक रेस्टुराँहरूले मात्र हरेक वर्ष कम्तीमा ५४ अर्ब पाउन्ड खाद्यवस्तु मिल्काउँछन् जसमा घरबाट फ्याँकिने खाद्यपदार्थको हरहिसाबै छैन । संयुक्त राष्ट्रसंघको प्रतिवेदनमा उल्लेख भएअनुसार विश्वमा उत्पादित आधा खाद्यवस्तु खेर जान्छ जसलाई सजिलैसँग रोक्न सकिन्छ । यसोगर्दा एकातिर जलवायु परिवर्तन भई हुने तापक्रम वृद्धिलाई नियन्त्रण गर्न सकिन्छ भने अर्कोतिर भोकमरी तथा कुपोषित क्षेत्रमा पठाएर थुप्रैको ज्यान बचाउन सकिन्छ भन्दै शाकाहारी भोजनलाई महत्वलाई दिएको छ । अन्तमा, मासु तथा दुग्धजन्य वस्तुको खपत घटाएर, अर्गानिक वस्तुको खरिद, बजारमा बोटलको पानी किन्नुभन्दा घरबाटै पानी लिएर जाने, घरवरपरमै हरिया सागपात, खुर्सानी, टमाटर, धनिया आदि उब्जाउने, चिया, कफी र हल्का पेयपदार्थको सट्टामा पानी पिउने तथा स्थानीयस्तरमा उत्पादित फलफुल, खाद्यपदार्थ खरिद र प्रयोग गर्ने गरी स्वास्थ्य र वातावरण संरक्षणमा केही योगदान पुर्‍याऔं । (नयाँ पत्रिका)

सच्याईएको

२०८३ कात्तिक ९ गते सोमबारको **पूर्वसन्देश दैनिक**को यसै पृष्ठमा प्रकाशित **'सिटौला कांग्रेस केन्द्रीय सदस्यमा झापाकै एक्ला'** शीर्षकको समाचारमा मेदनीप्रसाद सिटौलाको छापिएको तस्बिरमा अन्यथा भएकोले सच्याइएको छ ।

मौसम परिवर्तनसँगै नदी क्षेत्रमा पाहुना चरा आउने क्रम सुरु

सुनसरी/ उत्तरी गोलार्धका उच्च हिमाली र पहाडी क्षेत्रबाट अनुकूल तापक्रम, आहार र सुरक्षित बासस्थानको खोजीमा चरा नेपालका तराई तथा सिमसार क्षेत्रमा आउने गरेका छन् ।

जाडो मौसम नजिकिएसँगै उत्तरी क्षेत्रबाट जाडो छल्न नेपालका सिमसार, ताल तथा नदी क्षेत्रमा पाहुना चरा आउने क्रम सुरू भएको छ । असोजदेखि सुरू हुने आगमन मङ्सिरसम्म जाडो छल्न प्रत्येक वर्ष १६० भन्दा बढी प्रजातिका चरा नेपाल आउने गरेको बताइएको छ ।

नेपाल पन्छीविद् संघका कोशी प्रदेश संयोजक तथा चराविद् अनिष तिम्सिनाका अनुसार असोजदेखि नै रातो कल्की हाँस, गडवाल हाँस, साधारण टिल हाँस र खैरो टाउके हुटिट्याउँ जलपन्छी देखिन थालेका छन् । चरा आउने क्रम जारी रहेकाले आगामी दिनमा थप प्रजाति देखिने तिम्सिनाको भनाइ छ ।

चराविद् तिम्सिनाका अनुसार जाडो छल्न आउने चरा कोसीटप्पु वन्यजन्तु आरक्ष, सप्तकोशी नदीको तटीय क्षेत्र, सुनसरीको बर्जुताल तथा झापालगायतका सिमसार क्षेत्रमा देखिने गरेका छन् । खडखडे हाँस, सिन्दुरे हाँस, हरियो टाउके हाँस, सुइरोपुच्छे हाँस र बिजुला गैरी हाँसलगायतका प्रजाति सिमसार क्षेत्रमा देखिन थालेका उहाँ बताउनुहुन्छ । यस वर्ष कुन प्रजाति कति सत्त्यामा आइपुगे भन्ने यकिन विवरण भने संकलन हुन बाँकी छ ।

साइबेरिया, रूस, तिब्बत तथा मध्य एसियाका चिसो क्षेत्रबाट आउने चराले लामो दुरी पार गरेर नेपाल आइपुग्ने गर्छन् । केही प्रजातिले समुद्र सतहबाट पाँचदेखि छ हजार मिटर उचाइका हिमाली क्षेत्रसमेत पार गर्न सक्ने नेपाल पन्छीविद् संघका कार्यकारी निर्देशक लक्ष्मण पौडेले बताए । सबै चरा एउटै मार्गबाट नआउने र आहार तथा बासस्थानको उपलब्धता अनुसार विभिन्न क्षेत्रमा पुग्ने गरेका छन्। जाडो छल्न आएका चरा सामान्यतः चैतको अन्त्यदेखि वैशाखसम्म आफ्नो प्रजनन क्षेत्रतर्फ फर्कने पौडेलको भनाइ छ ।

नेपालका प्रमुख सिमसारमध्ये कोसीटप्पु, चितवनका ताल, बिसहजारी ताल, जगदीशपुर ताल, घोडाघोडी ताल तथा शुक्लाफाँटाका जलाशय र कोशी, गण्डकी तथा नारायणी नदी क्षेत्र जलपन्छीका महत्वपूर्ण बासस्थान मानिन्छ । यी क्षेत्रमा आहार र बासस्थानका लागि आगन्तुक चरा आउने गरेका छन् ।

चराविद्का अनुसार सिमसार क्षेत्र मासिँदै जानु, चरन क्षेत्र नष्ट हुनु, चोरीसिकार र जलवायु परिवर्तनका कारण आगन्तुक चराको बासस्थानमा चुनौती थपिएको बताइएको छ । पाहुना चराको आगमन र जैविक विविधता संरक्षणका लागि सिमसार क्षेत्र जोगाउनु, आहारको स्रोत सुरक्षित राख्नु र बासस्थान विनाश रोक्नु आवश्यक रहेको चरा संरक्षणकर्मीको भनाइ छ ।

खानपान र जीवनशैली

के छन् एभोकाडो खानुका फाइदाहरू ?

हाल नेपालमा एभोकाडोको बोट लगाउने प्रचलन बढ्दै गएको देखिन्छ । एभोकाडो कहाँदेखि आएको थियो भन्ने कुरा जान्न आवश्यक छ । मानव स्वास्थ्यमा एभोकाडोको राम्रो स्थान स्वास्थ्य क्षेत्रमा रहेको देखिन थालेको छ । हरेक बस्तुको जानकारी सर्बसाधारणलाई समेत भएमा यसबाट सर्बसाधारणले समेत फाइदा उठाउन सक्ने विश्वास गरिएको छ । एभोकाडो पूएब्बा र मेक्सिकोमा पाइने रूख हो तर अहिले थुप्रै देशहरूमा यसको बोट लगाउने गरेको पाइन्छ ।

एभोकाडोको प्रयोग स्वास्थ्यमा बढी प्रयोग हुन थालेदेखि मानिसको ध्यान यसतर्फ गएको धेरैको मत छ । यदि तपाईं मोटोपना कम गर्न चाहनु भएको छ भने वा छालालाई राम्रो बनाउन चाहना भएमा वा क्यान्सर, मधुमेह र हृदय रोगबाट आफुलाई बचाउन छ भने अबदेखि एभोकाडो खाने गर्नुहोस् ।

एभोकाडोमा धेरै मात्रामा हाई-फैटी एसिड हुन्छ । एभोकाडोमा कोलेस्ट्रोलको स्तर कम हुने हुनाले मुटुका रोगीलाई समेत वेफाइदा नगर्ने देखिएको छ । एभोकाडो काचै खान मिल्ने फल अन्तर्गत पर्दछ । एभोकाडोमा फैटी एसिडको राम्रो स्रोत हो भने यसमा शुगर कम पाइन्छ ।

एभोकाडोमा कैल्शियम, आइरन, मैग्नीशियम, पोटेशियम, तांबो, मैंगनीज, फ़ुस्फोरस र जस्ता बढी पाइन्छ । स्वास्थ्यलाई फाइदा हुने खालका फलफूल आफ्नो बारीमा रोपेर फाइदा लिन नभुलौ भन्ने हाम्रो राय छ ।

एभोकाडोका अन्य फाइदाहरू यस्ता छन्

१. एभोकाडोमा धेरै फाइबर हुने हुनाले कब्जियत हटाउन ठुलो मद्दत गर्दछ ।

२. पेट सफा हुनुको साथै सास गनाउने समस्या समेत यसले फाइदा गर्दछ ।

३. एभोकाडोको नियमित सेवन गर्नाले मानिसको छाला नरम हुनुको साथै सुन्दर प्रदान गर्दछ ।

४. लिभरको रोगमा समेत यो औषधि उपयोगी छ । हेपाटाइटिसको कारणबाट लिभरमा भएको असरलाई समेत हटाउने काम गर्दछ ।

५. आँखाको रोगमा समेत उपयोगी छ । यसको प्रयोगले मोतियाविन्दुलाई समेतलाई फाइदा गर्दछ ।

पुस्तक-साभार

सुवर्ण शमशेर

निष्ठाको राजनीतिक यात्रा - अध्याय ५

निष्ठाको राजनीतिक यात्रा

✍ कृष्ण धारावासी

क्रमागत... नेपाली राष्ट्रिय कांग्रेसकालमै देशभित्र भएका विभिन्न आन्दोलनहरूमा संलग्न जनसहभागिताले बिस्तारै क्रान्तिका लागि आम मानसिकता तयार भइसकेको थियो । नयाँ पुस्तामा यो जोसले सबैभन्दा बढी ठाउँ पाएको थियो । शान्तिपूर्ण आन्दोलनभन्दा सशस्त्र क्रान्तिको बाटो नयाँ पुस्ताका लागि जोसिलो हुनु स्वाभाविक थियो। त्यसैले देश बाहिर मात्र होइन, देश भित्रभित्रै युवादस्ता तयार गर्ने र परिचालन गर्ने संयन्त्रको विकास भइरहेकै थियो । क्रान्तिका लागि स्वस्फूर्त युवापुस्ता पार्टीको सम्पर्कमा आइरहेको थियो । सेनामा माथिल्लो पदाधिकारी राणा पुत्रहरू भए तापनि तल्लो तहमा जनताकै छोराहरू रहेका हुँदा यो स्वाभाविक भएको थियो । साथै प्रजापरिषद् पाटी खुलेदेखि नै भित्रभित्रै हुर्किंदै गएको विद्रोहको चिचिलो दिनदिनै छिप्पिदै गइरहेको थियो ।

हतियारको व्यवस्था भइसके पछि क्रान्तिलाई औपचारिकता दिनु अघि त्यसको वैधानिकता आवश्यक थियो। क्रान्तिको नेतृत्व बी.पी. र सुवर्णले पाएका भए पनि त्यसलाई अनुमोदन गराउनु जरूरी थियो। प्रजातान्त्रिक पार्टी भएकाले कार्यकर्ताहरूको पूर्ण समर्थन लिन जरूरी हुन्छ । क्रान्तिमा गइसके पछि पार्टीका नियमित बैठक, निर्णय र अनुमोदनहरु गराइरहन सम्भव थिएन । त्यसैले क्रान्तिको लागि सर्वाधिकार नायकको आवश्यकता थियो, जसको कमाण्डमा क्रान्ति अघि बढ्ने वा रोकिने हुनु पर्थ्यो। नत्र हतियार युद्ध अराजक भएमा त्यो प्रत्युत्पादक बन्ने सधैं खतरा रहन्छ । युद्धमा जानु अघि युद्धको नायक चयन हुनै पर्ने हुनाले एक बृहद् कार्यकर्ता भेला बोलाइयो ।

सन् १९५० सेप्टेम्वर २७ र २८ गते नेपाल रौतहट जिल्लाको सीमा नजिकै रहेको भारतको वैरगनियाँ भन्ने ठाउँमा बृहद् सम्मेलनको आयोजना गरियो जसमा देशका विभिन्न ठाउँ र भारतमा रहेका अधिकांश कार्यकर्ताहरु उपस्थित थिए । वैरगनियाँ रेल्वे स्टेशनको छेउको एउटा राइस मिलको गोदाममा सम्पन्न भएको यो सम्मेलन नै नेपाली प्रजातान्त्रिक आन्दोलनको पछिल्लो महत्त्वपूर्ण निर्णायक सम्मेलन बन्यो। यो सम्मेलन हुनु अघि सेप्टेम्बर १५ को युगवाणी साप्ताहिकमा बी.पी. को 'हाम्रो अन्तिम लडाईं शीर्षकको लेख प्रकाशित भएको थियो । जसमा देशको तात्कालिक वस्तुस्थितिको चित्रण गर्दै, पार्टीभित्र उठेका सामान्य विवादहरूको जवाफ दिंदै अबका महत्त्वपूर्ण कार्यहरूलाई तीन बुँदामा समेटिएको थियो । उक्त लेख यस्तो थियो- हाम्रो अन्तिम लडाइँ ।

नेपाली कांग्रेसले अब झट्टै लडाइँको बिगुल फुक्दै छ । राणासरकारविरूद्धको अन्तिम मोर्चाका लागि विभिन्न स्थानीय, समिति बनाएर कार्यक्रमका साथ तयार रहन केन्द्रले आदेश दिइसकेको छ । दुश्मनको तागत के-कस्तो छ भन्ने जाँच्नका लागि छिटफुट लडाईं पनि लडियो। अनेकौं ठाउँमा प्रदर्शन भए र अनेकौं साथी जेल परे । स्याङ्जा, नुवाकोट, परासी, पर्सा, उदयपुरगढी इत्यादि ठाउँमा जनताले सरकारको अत्याचारको बहादुरीका साथ विरोध गरेर आफ्नो राष्ट्रिय संस्था नेपाली कांग्रेसप्रति अविचलित भक्ति प्रदर्शित गरेका छन्। हामीले यस्ता स्थानीय आन्दोलन एवं प्रदर्शनबाट हाम्रो र शत्रुपक्ष दुबैको तागतको अनुमान पनि राम्रैसँग लगायौं ।

सरकारले आत्तिएर यस्ता सङ्घर्ष र प्रदर्शन भएका स्थानमा नितान्त बुद्धिहीन काम गयो। यसबाट सुसङ्गठित जनबलको प्रतिरोध गर्ने क्षमता अब सरकारमा छैन भन्ने प्रस्ट जाहेर हुन्छ । अब जनताले पनि सरकारको अन्तिम घडी आइसक्यो भन्ने राम्ररी बुझिसकेका छन्। अब जनसाधारणमा राणाशासनलाई अन्तिम धक्का दिएर समाप्त गर्नका लागि जनताको संस्था नेपाली कांग्रेसलाई अझै मजबुत बनाउनुपर्छ भन्ने भावना आइसकेको छ । अबउप्रान्त राणासरकारको अस्तित्वले निरन्तरता पाउने-नपाउनेमा उनीहरूको अत्याचार एवं दमनमै निर्भर छ । देशमा अब राणाशाहीलाई समर्थन गर्ने कुनै संस्था, वर्ग, जाति वा श्रेणी छैन । राणाहरु आजसम्म पल्टनमाथि भर परेर बसेका थिए, तर अब त्यो पल्टनतिर पनि कांग्रेसको सन्देश पुगिसकेको छ । कांग्रेस समस्त देशबासीसरह उनीहरूको पनि कल्याण चाहन्छ भन्ने फौजीभाइहरूले राम्ररी बुझिसकेका छन्। तसर्थ, ती फौजी माइहरु पनि अहिले कांग्रेसप्रति श्रद्धाभाव राख्दछन्। अब राणासरकारलाई आफ्नै सिपाहीमाथि पनि भरोसा छैन। यता, कांग्रेसको तागत पनि दिनप्रतिदिन बढ्दै छ। कांग्रेसीहरु सिपाहीलाई पनि आˆनो मित्र ठान्दछन् । तसर्थ, ऐनमौकामा कांग्रेसलाई सबैले साथ दिनेछन् । देशका तमाम रैती, किसान, मजदुर, सिपाही, कर्मचारी सबैजना धमाधम कांग्रेसको सदस्य बन्दै छन् र सबैजना कांग्रेसको आह्वानअनुसार राणा-शाहीलाई समाप्त गर्न तत्पर देखिन्छन् । अब यही वर्षभित्र राणा-शाही समाप्त हुन्छ भन्ने मेरो दृढ विश्वास छ । एउटा जिम्मेवार मानिसका रूपमा वस्तुस्थितिलाई पूर्णत अध्ययन गरेर मैले राणा-शाही यो वर्षभन्दा बढी टिक्न सक्दैन भनेको हुँ । क्रमशः.....

सिमेन्टको प्रयोगसँगै माटोका घर विस्थापित

दमक/ समय परिवर्तनसँगै मानिसको बसोबास गर्ने शैली र घर निर्माणका सामग्रीमा पनि परिवर्तन आएको छ । पहिले ढुङ्गा, माटो र काठबाट घर बनाउने चलन बढी थियो । यस्ता घरको भित्ता पोत्न रातो माटो र कमेरो प्रयोग गरिन्थ्यो भने काठका झ्याल ढोकामा खोटो लगाइन्थ्यो ।

स्थानीय स्तरमा उपलब्ध सामग्री प्रयोग गर्दा घरको निर्माण र मर्मतसम्भारमा समुदायको परम्परागत ज्ञानको उपयोग हुन्थ्यो । अहिले सिमेन्ट, इँटा, रङ र अन्य आधुनिक निर्माण सामग्रीको प्रयोग बढेको छ ।

पक्की घर निर्माण गर्ने क्रमसँगै घरको बाहिरी तथा भित्री भागमा आधुनिक रङ लगाउने चलन व्यापक बनेको छ । बजारमा विभिन्न रङ र सजावटका सामग्री सहजै उपलब्ध हुन थालेपछि माटो र कमेरो खोज्नुपर्ने आवश्यकता पनि धेरै परिवारमा घटेको छ ।

आधुनिक निर्माण सामग्रीको प्रयोगले घरलाई टिकाउ र व्यवस्थित बनाउने अवसर दिएको भए पनि पुराना सीप र स्थानीय सामग्रीको उपयोगसम्बन्धी ज्ञान भने संरक्षणको चुनौतीमा परेको छ ।

समयसँगै रातोमाटो र कमेरोले घर पोत्ने युग फेरियो

दमक/ समयसँगै रातोमाटो र कमेरोले घर पोत्ने युग सकिएको छ । कुनै समय दसैंको आगमनसँगै गाउँघरमा रातो माटो, कमेरो र खोटोको खोजी पनि उत्तिकै चल्थ्यो । घरका भित्ता रातो माटो र कमेरोले पोत्ने, झ्याल ढोकामा खोटो लगाउने र घरलाई चिटिक्क पार्ने चलन दसैंको तयारीकै अभिन्न हिस्सा थियो तर समयसँगै घर निर्माणको शैली फेरिएको छ ।

सिमेन्ट र आधुनिक रङको प्रयोग बढ्दै जाँदा परम्परागत रूपमा घर पोत्ने चलन भने क्रमशः हराउँदै गएको छ । कुनै समय दसैंतिहार आउनुअघि धनकुटाका गाउँबस्तीमा रातो माटो र कमेरो खोज्ने चटारो हुन्थ्यो । घर पोत्न मिल्ने चिम्टिया माटो र रातो माटो पाइने ठाउँमा सर्वसाधारणको बाक्लो उपस्थिति देखिन्थ्यो । घरका भित्ता सफा गरेर माटोले पोत्ने, आवश्यक ठाउँमा कमेरो लगाउने र झ्यालढोका खोटोले रङ्गाउने काम घरपरिवारका सदस्य मिलेर गर्थे । दसैंको स्वागत गर्न घरलाई नयाँ रूप दिने यो परम्पराले घरको सरसफाइ र सौन्दर्यसँगै चाडपर्वको उत्साह पनि बढाउँथ्यो ।

केही वर्षअघिसम्म दसैं आउन लाग्दा घर पोत्ने माटो लिन जानेहरूको चहलपहल निकै हुने गरेको धनकुटा नगरपालिका(२ का हरिबहादुर बस्नेतले बताए । चिम्टिया माटो र रातो माटो पाइने ठाउँमा सर्वसाधारणको भीड लाग्ने गरेको सम्झना ताजै रहेको उनको भनाइ छ । माटोले लिपपोत गरेपछि घर सफा, सुन्दर र चिटिक्क देखिने गरेको उहाँले बताउनुभयो तर अहिले त्यस्तो दृश्य कमै देख्न पाइन्छ ।

परम्परागत नेपाली घरको सौन्दर्यमा रातो माटो र कमेरोको विशेष स्थान थियो। माटोले बनेका घरका भित्ता पोत्दा घर सफा र आकर्षक देखिन्थे । रातो माटोले भित्तामा राताम्मेपन ल्याउँथ्यो भने कमेरोले सेतो रङ प्रदान गर्थ्यो । घरको बनावट र परिवारको रूचिअनुसार यी सामग्री प्रयोग गरिन्थे । यी सामग्री प्रयोग गर्नुको उद्देश्य घर सजाउनु मात्र थिएन, घरलाई व्यवस्थित र सफा राख्नु पनि थियो ।

मनोरञ्जन

पहिलोपटक इटहरीमा गुञ्जिँदै नेपथ्य, तीन हजार टिकट बिक्री

इटहरी । नेपाली लोकप्रिय साङ्गीतिक समूह नेपथ्य पहिलोपटक इटहरीमा प्रस्तुत हुने भएको छ। कात्तिक १८ गते इटहरी रङ्गशालामा हुने कन्सर्टका लागि करिब तीन हजार टिकट बिक्री भइसकेको आयोजकले जनाएको छ।

पूर्वाञ्चल इभेन्ट्स प्रालिको आयोजना तथा इटहरी उपमहानगरपालिकाको प्रवर्द्धनमा हुन लागेको कार्यक्रमका लागि टिकट बिक्री जारी छ। आयोजकका अध्यक्ष राजकुमार कार्कीका अनुसार सर्वसाधारणका लागि एक हजार पाँच सय र विद्यार्थीका लागि एक हजार रूपैयाँको टिकट मूल्य निर्धारण गरिएको छ। विद्यार्थीले सहुलियतको टिकटमा प्रवेश गर्न मान्य परिचयपत्र देखाउनुपर्नेछ।

कार्कीका अनुसार नेपथ्यको टोलीसँग भएको कुराकानीमा इटहरीमा यो पहिलो प्रस्तुति नै अन्तिम पनि हुन सक्ने सम्भावना व्यक्त गरिएको छ। यद्यपि, भविष्यमा इटहरीमा पुनः कार्यक्रम हुने वा नहुनेबारे अन्तिम निर्णय भइसकेको छैन।

करिब १० हजार दर्शक अटाउने गरी रङ्गशालामा व्यवस्थापन गरिने आयोजकले जनाएको छ । कार्यक्रमको तयारी पूरा भएको र अक्टोबर ३० देखि मञ्च निर्माण सुरू गरिने कार्कीले जानकारी दिए।

नेपथ्यको आधिकारिक कार्यतालिकाअनुसार कन्सर्टका दिन अपराह्न ४ बजे प्रवेशद्वार खुल्नेछ भने साँझ ६ बजे प्रस्तुति सुरू हुनेछ। आयोजकका अनुसार विद्युतीय माध्यम र प्रत्यक्ष बिक्री केन्द्रबाट टिकट उपलब्ध गराइएको छ।

तीन दशकभन्दा लामो समयदेखि नेपाली सङ्गीत क्षेत्रमा सक्रिय नेपथ्य लोकभाकालाई आधुनिक वाद्यवादनसँग जोडेर विशिष्ट पहिचान बनाउन सफल समूह हो। सन् १९९० मा दीपक राना, भीम पुन र अमृत गुरूङले स्थापना गरेको समूहलाई मुख्य गायक गुरूङले निरन्तर नेतृत्व गर्दै आएका छन्।

आज मिति
२०८३ साल
कात्तिक १० गते
मंगलबार
27 Oct. 2026
तिथि: प्रतिपदा

ज्यो. लक्ष्मी प्र. ढकाल
ठेगाना : क्याम्पस मोड, सगरमाथा आयल निगम, उत्तर
सम्पर्कका लागि:
९८६७३१०८८२/९८१७००५१६५

राशि	अक्षर	फल
मेष	चु चे लो ला लि लँ ले लो अ	सामान्य लाभ । दिउँसोबाट दिसापिसाबमा समस्या ।
वृष	इ उ ए ओ वा वि वु वे वो	खर्च बढ्ने । शुभकर्ममा मन लाग्ने ।
मिथुन	का कि कु घ ङ छ के को	काका-दाजुबाट सहयोग । कार्यमा सफल ।
कर्कट	चु चे लो ला लि लँ ले लो अ	असल मानिसको संगत । व्यापारबाट लाभ ।
सिंह	मा मि मु मे मो टा टि टु टे	कसैसित सामान्य विवाद । नजिकको यात्रा ।
कन्या	टो प पी पँ ष ण ठ पे पो	शरीरमा केही समसया । अकसमात सामान्य धन लाभ ।
तुला	हि हु हे हो डा डि डु डे डो	व्यापारबाट लाभ । जीवनसाथीको सहयोग ।
वृश्चिक	तो ना नि नँ ने नो या यि यु	शत्रुपछि पर्ने । प्रतिष्पर्धात्मक कार्यमा सफल ।
धनु	य यो भा भी भ धा फा ढ	पढाईमा केही समस्या । लेनदेनमा बाधा ।
मकर	भो जा जी खि खू खे खो गा गी	घरायसी समस्या । आम्दानी कम ।
कुम्भ	गँ गे गो सा सी सँ से सो द	पराक्रम बढ्ने । आफन्तबाट सहयोग ।
मीन	दि दु थ झ ञ दे दो चा ची	बोलीमा कडापन । आम्दानी सामान्य ।

किसानलाई हात्तीबाट धानबाली जोगाउने चिन्ता

झापा/ झापाका किसानमा धान पाक्ने समय नजिकिएसँगै जंगली हात्तीबाट बाली जोगाउने चिन्ता बढेको छ । खेतमा लगाएको धान जोगाउने प्रयासमा रहेका किसानलाई हात्तीको जोखिमबाट बच्न आग्रह गर्दै सशस्त्र प्रहरीले हात्ती प्रभावित क्षेत्रमा जनचेतनामूलक अभियानसँगै सुरक्षा निगरानी बढाएको छ ।

चाडपर्वको समयमा मानिसहरूको चहलपहल बढ्ने र बिहान–बेलुका तथा रातको समयमा जङ्गली हात्तीसँग जम्काभेट हुने जोखिमलाई ध्यानमा राख्दै सशस्त्र प्रहरीले प्रभावित बस्तीमा 'माइकिङ'मार्फत सचेतना फैलाइरहेको छ । हात्तीको आवतजावत हुने क्षेत्रका बासिन्दालाई आवश्यक सावधानी अपनाउन र अँध्यारो समयमा अत्यावश्यक कामबाहेक घरबाहिर ननिस्कन आग्रह गरिएको छ ।

सशस्त्र प्रहरी बल, नेपाल नं २ गण झापाका गणपति तथा सशस्त्र प्रहरी उपरीक्षक सचिन कर्माचार्यले हात्तीबाट हुन सक्ने मानवीय तथा भौतिक क्षति न्यूनीकरण गर्न सुरक्षा सतर्कतासँगै जनचेतनामूलक गतिविधिलाई प्राथमिकता दिइएको बताए ।

"धानबाली जोगाउने चिन्तामा रहेका किसान तथा स्थानीय बासिन्दाले हात्तीको जोखिमलाई पनि उत्तिकै ध्यान दिनुपर्छ । हात्ती देखिएमा नजिक जाने, जिस्क्याउने वा लखेट्ने प्रयास नगरी सुरक्षित स्थानमा जानुपर्छ," कर्माचार्यले भने । उनका अनुसार हात्ती प्रभावित क्षेत्रमा सशस्त्र प्रहरीको मोबाइल तथा पैदल गस्ती परिचालन गरी निगरानी भइरहेको छ । स्थानीय बासिन्दालाई हात्तीको आवतजावतबारे सचेत गराउने र सम्भावित जोखिम न्यूनीकरणका लागि सम्बन्धित निकाय तथा स्थानीयसँग समन्वय गर्ने काम पनि भइरहेको छ ।

धानबाली भित्र्याउने समय नजिकिँदै गर्दा खेतबारीमा जाने, राति बालीको निगरानी गर्ने तथा हात्ती धपाउने प्रयास गर्दा जोखिम हुन सक्ने भएकाले किसानलाई विशेष सावधानी अपनाउन सशस्त्र प्रहरीले आग्रह गरेको छ । हात्तीको बाटो अवरूद्ध गर्ने, नजिकै गएर फोटो वा भिडियो खिच्ने तथा भीड जम्मा भएर हात्तीलाई घेराबन्दी गर्ने कार्यले जोखिम बढाउन सक्ने भएकाले त्यस्ता गतिविधि नगर्न पनि अनुरोध गरिएको छ ।

त्यसैगरी, घर, गोठ तथा आँगन वरपर हात्तीलाई आकर्षित गर्न सक्ने खानेकुरा नराख्न, घर आसपास पर्याप्त उज्यालोको व्यवस्था गर्न र बाक्लो झाडी सफा राख्न आग्रह गरिएको छ । बस्तीमा रहेका बालबालिका, वृद्धवृद्धा तथा अन्य जोखिममा पर्न सक्ने व्यक्तिको विशेष ख्याल गर्न पनि सशस्त्र प्रहरीले अनुरोध गरेको छ ।

झापामा मेचीनगरको बाहुण्डाँगी, बुद्धशान्तिको माथिल्लो क्षेत्र, हल्दिबारीको जलथल, अर्जुनधाराको चुरे क्षेत्र तथा दमक र शिवसताक्षीका केही क्षेत्रमा जङ्गली हात्तीको आवतजावत र क्षतिको समस्या देखिँदै आएको छ । हात्ती प्रभावित क्षेत्रका बासिन्दालाई सतर्क रहन र हात्ती देखिएमा नजिक नजान सशस्त्र प्रहरीले आग्रह गरेको छ ।

दुई... प्रहरीले व्यक्तिगत सम्बन्ध, आर्थिक कारोबार र विद्युतीय उपकरणमा रहेका विवरणको प्राविधिक परीक्षणलाई अनुसन्धानको आधार बनाएको छ । शव परीक्षणको प्रतिवेदनसहित अनुसन्धान पूरा भएपछि मात्रै मृत्युको वास्तविक कारण खुल्ने प्रहरीको भनाइ छ । पक्राउ परेकी दाहालमाथिको आरोप भने पुष्टि भइसकेको छैन ।

खत्री शुक्रबार दिउँसो घरबाट स्कुटर लिएर निस्किएका थिए । शनिबार अपराह्न मोरङको केराबारी गाउँपालिका–९ स्थित धारापानी जंगलमा उनी रूखमा झुन्डिएको अवस्थामा मृत फेला परेका थिए । शव परीक्षणपछि परिवारको जिम्मा लगाइएको छ । उनले प्रयोग गरेको स्कुटर भने अझै फेला परेको छैन ।

यसैबीच, सुनसरीको बर्जु गाउँपालिका–२, भीमपुरस्थित केसलिया खोलामा आइतबार बिहान बोराभित्र राखिएको अवस्थामा व्यापारी लालजीप्रसाद गुप्ताको शव फेला परेको थियो । भारतको उत्तर प्रदेशस्थित वाराणसी घर भएका गुप्ताले विराटनगर महानगरपालिका–६, महावीर रोडमा चार दशकभन्दा बढी समयदेखि 'लाल ब्याट्री पसल' सञ्चालन गर्दै आएका थिए ।

स्थानीयवासीले खोलामा बोराभित्र शव देखेपछि प्रहरीलाई खबर गरेका थिए । सुनसरीका प्रहरी प्रमुख एसपी पुष्पराज मल्लका अनुसार गुप्ताको मृत्यु कसरी भयो, शव त्यहाँ कसले र किन पुऱ्यायो भन्ने विषय खुलेको छैन । प्रहरीले घटनाबारे अनुसन्धान गरिरहेको छ ।

त्यस्तै, मोरङको पथरीशनिश्चरे नगरपालिकाबाट दुई बालिका बेपत्ता भएका छन् । पथरीशनिश्चरे–२ की १३ वर्षीया एन्जी बराइली र वडा नम्बर ७ की १६ वर्षीया शीतल घिमिरे शनिबार सालबारीमा फोटो खिच्न जाने भन्दै घरबाट निस्किएका थिए । उनीहरू परिवारको सम्पर्कमा नआएपछि खोजी भइरहेको प्रहरीले जनाएको छ । तीनवटै घटनामा प्रहरीले अनुसन्धान अघि बढाएको छ । खत्रीको मृत्यु प्रकरणमा पक्राउ परेकी युवतीमाथिको आरोपको अनुसन्धान जारी रहँदा व्यापारीको मृत्युको कारण र बेपत्ता बालिकाको अवस्थाबारे भने थप विवरण सार्वजनिक हुन बाँकी छ ।

उता खोटाङको हलेसी तुवाचुङ नगरपालिका–३, आहालेमा धारिलो हतियार प्रहारबाट श्रीमतीसहित चारजना घाइते भएका छन् । आफ्नै ससुराली पुगेका ४३ वर्षीय इन्द्रकुमार राईले धारिलो हतियार प्रहार गर्दा चारजना घाइते भएका हुन् । प्रहरीले उनलाई पक्राउ गरेको छ ।

घटनामा ४० वर्षीया अञ्जना राई, ६२ वर्षीया स्यामाउन राई, २५ वर्षीया तेनिना राई र नरेन्द्र राई घाइते भएका छन् । घाइतेमध्ये अञ्जना, स्यामाउन र तेनिनाको अवस्था गम्भीर रहेको छ भने नरेन्द्रको अवस्था मध्यम रहेको जनाइएको छ ।

अञ्जनाको टाउकोको पछाडिको भागमा चोट लागेको छ । स्यामाउनको टाउको तथा दाहिने हातमा र तेनिनाको टाउकोमा चोट लागेको छ । नरेन्द्रको दाहिने हातमा चोट लागेको प्रहरीले जनाएको छ । घाइते चारैजनालाई उपचारका लागि हलेसी तुवाचुङ नगरपालिका–३, दुर्छिमस्थित नगर अस्पताल लगिएको छ । उनीहरूको अस्पतालमा उपचार भइरहेको छ । घटनाबारे थप अनुसन्धान भइरहेको प्रहरीले जनाएको छ ।

पानीपर्ने..... यसैगरी सुनसरीका स्थानीय किसान दिपेन्द्र यादव, आजाद साह, उमेश यादव, शम्भु यादव लगायतले धानबालीमा रोग कीराको समस्या देखिएपछि विषादी छर्नुपरेको बताएका छन् । उनीहरूका अनुसार धानबालीमा समस्या देखिएपनि त्यसको पहिचान, नियन्त्रण तथा उचित व्यवस्थापनका लागि सम्बन्धित कृषि प्राविधिकहरूले पर्याप्त चासो नदिएको गुनासो छ ।

उनीहरूले रोग कीराको सही पहिचान नगरी जथाभाबी विषादी प्रयोग गर्नुपर्दा आर्थिक भारसमेत बढेको बताएका छन् । धान पाक्ने संवेदनशील समयमा रोग कीरा नियन्त्रणका लागि समयमै प्राविधिक सल्लाह र सहयोग नपाउँदा उत्पादन घट्ने जोखिम बढेको उनीहरूको चिन्ता छ ।

धानबालीमा देखिने गभारो, पतेरो, ब्लास्ट तथा अन्य रोग कीराको प्रकोप नियन्त्रण गर्न समयमै रोगको पहिचान गरी उपयुक्त उपाय अपनाउनु आवश्यक रहेको कृषि प्राविधिक भुवनेश्वर यादवले बताए ।

मोरङको उर्लावारीका स्थानीय किसान भवानी भट्टराईले यो वर्ष राम्रो धान फलेको भएपनि थन्क्याउने बेलामा पानी पर्ने हल्लाले चिन्तित बनाएको गुनासो गरे । उनले भने-'धान पाकेर बग्रेल्ती छ, तर पानी आउने हल्लाले चिनितत बनायो ।'

आगलागीमा.....

कम्पनीका कर्मचारीको सहयोगमा रातभर आगो फैलिन नदिन प्रयास गरिएको थियो। आगलागी सोमबार बिहान ५:३५ बजे पूर्ण रूपमा नियन्त्रणमा आएको प्रहरीले जनाएको छ । प्रारम्भिक विवरणअनुसार आगलागीबाट २० लाख रुपैयाँभन्दा बढीको क्षति भएको छ ।

एकै दिनमा दुई हजारभन्दा बढीमा डेङ्गु सङ्क्रमण

एजेन्सी/ बंगालादेशमा २४ घण्टामा दुई हजार २४९ जनामा लामखुट्टेबाट सर्ने डेंगु ज्वरोका नयाँ विरामी देखिएका छन् । एकै दिनमा सङ्क्रमित भई अस्पताल पुग्ने विरामीको संख्या आइतबार यस वर्षको सबैभन्दा उच्च संख्या हो ।

बंगालादेशको स्वास्थ्य सेवा महानिर्देशनालयको पछिल्लो तथ्यांकअनुसार स्थानीय समय आइतबार बिहान ८ बजेसम्मको २४ घण्टामा थप सात जनाको मृत्यु भएको छ । पछिल्लो तथ्यांकअनुसार यस वर्ष डेंगुका कुल बिरामी एक लाख २३ हजार ९४८ पुगेका छन् भने यसका कारण मृत्यु हुनेको संख्या ३८४ पुगेको छ । यस वर्ष अक्टोबरमा मात्र १३९, सेप्टेम्बरमा १४८, अगस्टमा ४३, जुलाईमा ३६ र जुनमा १३ जनाको मृत्यु भएको छ ।

दशैंमा...... पाँच दुर्घटनामा सात जना, संखुवासभामा चार दुर्घटनामा छ जना र ताप्लेजुङमा तीन दुर्घटनामा छ जना घाइते भएका छन् ।

धनकुटा, भोजपुर र सोलुखुम्बुमा एक–एक वटा दुर्घटना भएका छन् । यी तीन जिल्लाका दुर्घटनामा परेर १० जना घाइते भएका छन् । तेह्रथुममा भने दसैंको अवधिमा कुनै पनि सवारी दुर्घटना नभएको जानकारी प्रहरी निरीक्षक थपलियाले दिए ।

दुर्घटनासँगै दसैंको अवधिमा ट्राफिक नियम उल्लंघन गर्ने सवारीसाधनमाथि पनि ट्राफिक प्रहरीले कारबाही गरेको छ । नियम उल्लंघन गरेका दुई हजार ४५७ वटा सवारीसाधन कारबाहीमा परेका छन् । ती सवारीसाधनलाई ट्राफिक नियम उल्लंघनको कसुरमा जरिबाना गर्दा २५ लाख २९ हजार रूपैयाँ राजस्व संकलन भएको थपलियाले बताए ।

स्कार्पियो....

पराजुली तथा गुल्मीको कालीगण्डकी गाउँपालिका–१ का लोकनाथ पाण्डे, सीता पाण्डे र कुलानन्द पाण्डे छन्। घटनास्थलमा मृत्यु भएका अर्का एक जनाको पहिचान पुष्टि हुन बाँकी छ।

घाइते निता बगालेको उपचारका क्रममा कालीगण्डकी सामुदायिक अस्पताल मिर्मीमा मृत्यु भएको हो। दुर्घटनामा छविलाल पाण्डे गम्भीर घाइते भएका छन् भने गोमता पाण्डे र बालकृष्ण सुवेदीको अवस्था मध्यम रहेको प्रहरीले जनाएको छ।

दुर्घटनापछि प्रहरी टोली उद्धारमा खटिएको थियो। घटनाबार थप अनुसन्धान भइरहेको प्रहरीले जनाएको छ।

अत्याधुनिक प्रविधिद्वारा उत्पादित
झापाली इटा
बजारमा
ठूलो साइजको ईटा उपलब्ध छ ।
सम्पर्कका लागि:
भगवान बस्नेत : ९८५२६७००३१
उद्योग सम्पर्क : ९८०१४०१४४२

पानासोनिक इलेक्ट्रोनिक्स वर्ल्ड, दमक-८, झापा
विगत दुई दशक अगाडिदेखि तपाईंहरूको सेवामा
समर्पित यस मर्मत केन्द्रले सबै प्रकारका LED, TV, Online UPS इन्भर्टर सोलार स्टेपलाइजर, Sound System, Speeker, ब्याट्री चार्जर, वेल्डिङ मेसिन साथै मोटर, पंखा, फ्रिज, AC वासिङ मेसिन, काँटा सुलभ दरमा ग्यारेन्टीका साथ मर्मत गरिन्छ ।
साथै यहाँ अर्डर अनुसार सबै प्रकारका UPS, इन्भर्टर, स्टेपलाइजर नयाँ तयार गर्नुका साथै सबै प्रकारका रिमोट र इलेक्ट्रोनिक पार्टसहरु, सेकेण्डहेण्ड मोटर र फेन पाइन्छ ।
नोट :
१) मेडिकल हस्पिटलमा प्रयोग हुने सबै सामानहरू मर्मत गरिन्छ ।
२) यहाँ होम सर्भिसको सेवा पनि उपलब्ध छ ।
३) सबै प्रकारका सेकेण्डहेण्ड सामान पनि बिक्री गरिन्छ ।
प्रो. मनोज सिंह
९८४२६२०९३०/९८०४९३१६३९/०२३-५८३१४७

सडक दुर्घटनाबाट बचौं र बचाऔं
❖ सवारी साधन चलाउँदा सावधानी अपनाऔं,
❖ मदपान तथा लागु पदार्थ सेवन गरेर सवारी साधन नचलाऔं,
❖ सिटबेल्ट, हेलमेट अनिवार्य प्रयोग गरौं,
❖ सवारी साधन नियमित मर्मत सम्भार गरौं,
❖ पैदल यात्रुले बाटो काट्दा जेब्राक्रस वा आकाशे पुलको प्रयोग गरौं,
❖ दुर्घटना भएमा तुरुन्त प्रहरी वा अस्पतालमा सम्पर्क गरौं ।
ट्राफिक नियम पालना गरौं ।
नेपाल सरकार
विज्ञापन बोर्ड

खेलकुद-एनपीएल

प्रधानमन्त्री बालेन शाहले गरे एनपीएलको उद्घाटन

उद्घाटन खेलमा सुदूरपश्चिम ८७ रनमै अलआउट

दमक । प्रधानमन्त्री वालेन्द्र शाहले नेपाल प्रिमियर लिग (एनपीएल) को तेस्रो संस्करणको उद्घाटन गरेका छन्। कीर्तिपुरस्थित त्रिभुवन विश्वविद्यालय (त्रिवि) क्रिकेट मैदानमा प्रधानमन्त्री शाहले प्रतियोगिताको उद्घाटन गरेका हुन्।

एनपिएलको तेस्रो सिजनको उद्घाटन खेलमा लुम्बिनी लायन्सले सुदूरपश्चिम रोयल्सलाई ८७ रनमै अलआउट गरेको छ । कीर्तिपुरस्थित त्रिवि क्रिकेट मैदानमा सोमबार भएको खेलमा लुम्बिनीका बलर किशोर महतो र शेर मल्लले उत्कृष्ट प्रदर्शन गरेका हुन् ।

किशोरले चार ओभरमा २८ रन दिएर चार विकेट लिए भने शेर मल्लले ११ रन खर्चेर तीन विकेट लिए । उनीहरूको बलिङमा सुदूरपश्चिमका ब्याटरले ठूलो स्कोर बनाउन सकेनन् ।

सुदूरपश्चिमका कप्तान दीपेन्द्रसिंह ऐरीले सर्वाधिक २७ रन बनाए । उनले २३ बलमा चार चौका प्रहार गरे । ओपनर साइफ जैबले १३ र विनोद भण्डारीले नौ रन बनाए । अन्य ब्याटरले दोहोरो अंकमा रन बनाउन सकेनन् ।

पावरप्लेमै चार विकेट गुमाएको सुदूरपश्चिमले सम्हालिएर खेल्न सकेन । शेर मल्लले १०औँ ओभरमा दुई विकेट लिएपछि सुदूरपश्चिम थप दबाबमा परेको थियो । किशोरले १३औँ ओभरमा लगातार दुई विकेट लिएपछि टोलीको इनिङ्स झन् कमजोर बन्यो ।

सुदूरपश्चिम १७.२ ओभरमा ८७ रन बनाउँदै अलआउट भएको हो । लुम्बिनीका साङ्ली भान, रोहितकुमार पौडेल र तिलक भण्डारीले पनि समान एक विकेट लिए ।

यसअघि लुम्बिनीका कप्तान रोहितकुमार पौडेलले टस जितेर पहिले ब्याटिङ गर्ने निर्णय गरेका थिए । लुम्बिनी गत संस्करणको विजेता हो । दोस्रो सिजनको फाइनलमा पनि लुम्बिनीले सुदूरपश्चिमलाई नै हराएर उपाधि जितेको थियो ।

प्रतियोगिताको उद्घाटन प्रधानमन्त्री बालेन्द्र शाहले गरेका थिए ।

कांग्रेसले..... केन्द्रसम्मका नेता तथा कार्यकर्ता एकजुट भएर लाग्नुपर्ने उनको भनाइ थियो । १५औँ महाधिवेशनपछि पार्टीभित्र परिवर्तन आएको उल्लेख गर्दै उनले त्यसबारे जनताको घरदैलोसम्म जानकारी पुऱ्याउन आगामी मङ्सिरमा तल्लो तहसम्म जागरण अभियान सञ्चालन गर्ने तयारी भइरहेको बताए । सभापति थापाले महाधिवेशनलाई पार्टीभित्रको आन्तरिक प्रतिस्पर्धाका रूपमा लिनुपर्ने बताउँदै जिम्मेवारी पाउने वा नपाउने विषयलाई हारजितका रूपमा बुझ्न नहुने उल्लेख गरे । पार्टीभित्र सबैको समान हैसियत रहेकाले एकताबद्ध भएर अघि बढ्नुपर्ने उनको भनाइ थियो ।

पाथीभरा..... पाथीभरा दर्शनमा हिडेको उनीहरूको टोली दिउँसो ३:३० बजे फुङ्लिङ बजार आइपुगेको प्रहरीले जनाएको छ ।

गंगा ट्राभल्स एण्ड टुर्स
हाम्रा सेवाहरु:
➢ राष्ट्रिय तथा अन्तराष्ट्रिय सस्तोमा हवाई टिकट
➢ भारतका लागि रेल, बसको टिकट
➢ वैदेशिक रोजगारीको लागि श्रम स्वीकृति
➢ टुर प्याकेज तथा मनि ट्रान्सफर(IME)को सुविधा
Pre-Purchased fare"Ktm to Doha, Dubai, Kuwait "UAE Visit Visa available
ARE YOU GOING TO INDIA?
SPECIAL PRE PURCHASE TO INDIA
INDIGO, SPICE JET, AIR INDIA, AKASA
CASH BACK OFFER
RS. 100 -5000
9842645136
GANGA TRAVEL AND TOURS
EMAIL ID: gangatravel36@gmail.com
WHAT'S UP : 9842645136 / 023-575311
LOCATION : DAMAK 5 JHAPA BELDANGI ROAD

उर्लाबारी नगरपालिकाको साधियाँरको नाममा ७ दिने सूचना

उर्लाबारी नगरपालिका वडा नं. ०४बस्ने प्रकाश थापाको नाममा दर्ता कायम र हेको साबिक मधुमल्ला-५/छ मा भएको कि.नं. २९१३ ज.वि. ०-१-१०-० मा नयाँ घर निर्माणका लागि यस नगरपालिकामा निवेदन दर्ता भएको र सो निवेदन अनुसार सँधियारको नाममा १५ दिने सुचना जारि गरि१६ दिनपछि यस कार्यालयबाट सर्जमिन मुचुल्का तयार पार्दा उतरतर्फ सँधियार माया राई उपस्थित नहुनु भएको हुदा उहाँलाई उक्त स्थानमा घर निर्माण गर्दा कुनै विरोध भएमा यो सूचना प्रकाशित भएको मितिले ७ दिन भित्रमा यस कार्यालयमा उपस्थित हुन यो सूचनामार्फत जानकारी गराइन्छ । अन्यथा निजको नाममा नियमअनुसार सिफारिस भइ जाने व्यहोरा जानकारी गराइन्छ ।

उर्लाबारी नगरपालिकाको साधियाँरको नाममा ७ दिने सूचना

उर्लाबारी नगरपालिका वडा नं. ३ बस्ने कृष्ण प्रसाद ढकालको नाममा दर्ता कायम रहेको साबिक मधुमल्ला-९/ग मा भएको कि.नं. १३२२ ज.वि. ०-२-३-० मा नयाँ घर निर्माणका लागि यस नगरपालिकामा निवेदन दर्ता भएको र सो निवेदन अनुसार सँधियारको नाममा १५ दिने सुचना जारि गरि १६ दिनपछि यस कार्यालयबाट सर्जमिन मुचुल्का तयार पार्दा पश्चिम तर्फ सँधियार नवराज तामाङ,गोबिन्द लावती र याम जबेगु उपस्थित नहुनु भएको हुँदा उहाँहरुलाई उक्त स्थानमा घर निर्माण गर्दा कुनै विरोध भएमा यो सूचना प्रकाशित भएको मितिले ७ दिन भित्रमा यस कार्यालयमा उपस्थित हुन यो सूचनामार्फत जानकारी गराइन्छ। अन्यथा निजको नाममा नियमअनुसार सिफारिस भइ जाने व्यहोरा जानकारी गराइन्छ ।

◆ प्रधान सम्पादक/प्रकाशक: गञ्जबहादुर दाहाल, ◆ कार्यकारी सम्पादक: खगेन्द्र कार्की ◆ सहसम्पादक: विमल लामिछाने ◆ बजार व्यवस्थापक: केशव खनाल ◆ लेआउट: सुरेन बस्नेत
कार्यालय: दमक-५, झापा, फोन: ०२३-५७०२७२, मुद्रण: ज्योति अफसेट प्रेस, E-mail:purbasandesh@yahoo.com